मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्याका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुन्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रूपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १ गते आइतबार ❑ 15 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

एमालेले छान्यो समानुपातिक सांसद

रासस
काठमाडौं, ३० फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले समानुपातिकतर्फ १६ जना सांसद चयन गरेको छ।

शनिबार भएको एमालेको केन्द्रीय सचिवालय बैठकले आदिवासी जनजातिबाट भूमिका सुब्बा, गङ्गादेवी श्रेष्ठ, रामबहादुर थापामगर र कुलभक्त शाक्यलाई चयन गरेको छ।

उपमहासचिव लेखराज भट्टका अनुसार खस आर्यतर्फ पद्मा अर्याल, टुकाभद्र हमाल, यशुदाकुमारी बराल, गुरुप्रसाद बराल र पुष्पराज कँडेललाई चयन गरिएको छ। यसैगरी, थारु समुदायबाट कृपाराम राना, दलित समुदायबाट विष्णुमाया विक र नीता घतानी तथा मधेसी समुदायबाट रिङ्ला यादव, यशोधाकुमारी यादव र चन्द्रेश्वर मण्डल छनोट हुनुभएको छ। मुस्लिम समुदायबाट साजिँदा सिद्दीकीलाई चयन गरिएको छ।

बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको निधनप्रति दुःख व्यक्त शोकसन्तप्त परिवारजनमा समावेदना प्रकट गरेको छ।

श्रद्धाञ्जली अर्पण गर्दै प्रमुख आचार्य : पोखरा महानगरका पूर्वप्रमुख स्व. कृष्णबहादुर थापाको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्दै पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य। पोखरा उपहानगरपालिकाका तत्कालिन प्रमुख थापाको फागुन २८ गते ६६ वर्षको उमेर हृदयघातबाट निधन भएको थियो। तस्बिरः हरिप्रसाद बास्तोला/रासस

मनकामना दर्शन गरेर फर्किंदै गरेको माइक्रोबस दुर्घटना हुँदा सात जनाको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, ३० फागुन

मनकामना मन्दिर दर्शन गरेर फर्किंदै गरेको यात्रुवाहक माइक्रोबस दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ।

सहिद लखन गाउँपालिका-३ कान्टारमा बा.प्र.०१-००६ ख ८४३० नम्बरको माइक्रोबस शनिबार साँझ दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिनुभयो। उहाँका अनुसार मृत्यु हुनेमा सबै भारतीय नागरिक छन्। मनकामना मन्दिर दर्शन गरेर फर्कंदै गरेको बाप्र०१-००६ ख ८४३० नम्बरको माइक्रोबस आज राति करिब ८:०० बजे दुर्घटनामा परेको थियो।

दुर्घटनामा सात जनाको मृत्यु भएकामा तीमध्ये पाँच पुरुष र दुई जना महिला रहेका जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिनुभयो। उहाँले माइक्रोबसमा सवार १५ जनामध्ये सात जनाको घटनास्थलमा नै मृत्यु भएको र अन्य आठ जना घाइते भएको बताउनुभयो।

घाइते सबैको उद्धार गरी उपचारका लागि तनहुँको आँबुखैरेनी अस्पतालमा पठाइएको छ। वडा नं ३ का अध्यक्ष दीपक पाण्डेका अनुसार माइक्रोबस सडकबाट करिब २०० मिटर तल खसेको थियो।

'अपरेसन ३६५' अन्तर्गत १० वटा मोटरसाइकल नियन्त्रणमा

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

जिल्ला प्रहरी कार्यालय कास्कीद्वारा सञ्चालित 'अपरेसन ३६५' अन्तर्गत मोटरसाइकलको स्वरुप परिवर्तन गरी, ठूलो आवाज निकाली ध्वनि प्रदूषण गर्ने, समाजलाई आतङ्कित पार्ने र शान्ति सुव्यवस्था खलल पार्ने १० वटा मोटरसाइकल नियन्त्रणमा लिइएको छ।

यस्ता गतिविधि बढिरहेको भन्ने जनगुनासो आएपछि गएराति १:०० देखि बिहान ६:०० बजेसम्म जिल्ला प्रहरी कार्यालय कास्की र मातहत वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले पोखरा-६ लेकसाइडबाट चर्को आवाजमा ध्वनि प्रदूषण गर्दै हिँड्ने, शान्ति सुव्यवस्थामा खलल पार्ने र नियन्त्रणमा लिने प्रयास गर्दा प्रहरीसँग झैझगडा गर्ने १० वटा मोटरसाइकल र छ जना चालकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो।

सवारीसाधन धनीले आफ्नो साधन 'मोडिफाई' नगरी पूर्ववत् असली स्वरूपमा चलाउन र मोडिफाई गर्ने कार्यमा ग्यारेज, वर्कसप र रिकन्डिसन हाउस सञ्चालकले समेत उक्त कार्य नगर्न/नगराउन पनि प्रहरीले अनुरोध गरेको छ।

सवारी मोडिफाई गरी चलाइएको पाइएमा सवारीसाधन धनी र उक्त कार्यमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही हुने प्रवक्ता बस्नेतले बताउनुभयो।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४.७ प्रतिशत मत बदर

रासस
काठमाडौं, ३० फागुन

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार दशमलव सात प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै निर्वाचन प्रणलीमा उक्त परिमाणमा मद बदर भएको हो।

उहाँका अनुसार विसं २०७९ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मत प्रतिशत ५.०६ प्रतिशत थियो भने २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मतको प्रतिशत ५.१८ प्रतिशत थियो।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनमा ४.९६ प्रतिशत मत बदर भएको थियो। यसैगरी २०६४ साल चैत २८ गते सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा भने ५.१५ प्रतिशत मत बदर भएको थियो।

आयोगका अनुसार विगतका पाँच वटा निर्वाचनको तुलनामा यसपटक औसतमा कम मत बदर भएको छ।

एक अर्ब २१ करोड खर्चेर धमाधम आर्क ब्रिज बनाइँदै

पोखरापत्र संवाददाता
दमौली, ३० फागुन

मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुलको काम धमाधम भइरहेको छ।

व्यास नगरपालिका-४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलमा ७७ प्रतिशत प्रगति भएको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ। उक्त खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले पुल निर्माण तीव्र गतिमा भइरहेको जानकारी दिनुभयो। हाल दुवैतर्फको फाउण्डेशनको काम सकिएर आर्क डिजाइन निर्माण भइरहेको उहाँले बताउनुभयो।

तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी उक्त पुलको काम सुरु गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको छ। पाण्डेका अनुसार पुल निर्माणका लागि विसं २०७९ साउन २६ गते अन्नक जेडआइस्टी जेभीसँग सम्झौता भएको थियो। पाण्डेले भन्नुभयो, "पुल निर्माणको म्याद सकिएपछि पुनः म्याद थपिएको छ। थप भएको म्यादभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता आएको छ।" चालु आर्थिक वर्षभित्रै पुल निर्माण सकिने लक्ष्य राखिएको पाण्डेको भनाइ छ। तीन सय १५ मिटर लामो पुलमा छ वटा स्पान रहनेछ। पुलको वारिपारी दुई/दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेको छ। उहाँका अनुसार फाउण्डेशनदेखि सुपर स्ट्रक्चरको काम सकिएको छ। उहाँले भन्नुभयो, "मिडल स्पान दुई वटा कङ्क्रिट नेचर आर्क ब्रिज हो। त्यसको काम भइरहेको छ।" रु एक अर्ब २१ करोड भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्ट्रक्चर भएको यो नेपालकै पहिलो पुल भएको पाण्डेको भनाइ छ। निर्माण कम्पनी अन्नक जेडआइष्टी जेभीका साइट म्यानेजर दिनेशकुमार श्रेष्ठले निर्धारित मितिअगावै पुल निर्माण सकिने जानकारी दिनुभयो। उहाँका अनुसार असार १९ गतेसम्म म्याद रहेपनि सोभन्दाअगावै काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ। पुल निर्माणका लागि हाल दैनिक १५० कामदार खटाइएको छ।

उक्त पुल चार लेनको हुनेछ। हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ। सोही पुल भन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ।

'नेपालमा लगानी बढाउन सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

रासस
काठमाडौं, ३० फागुन

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को १२औं विश्व सम्मेलनमा नेपालमा लगानीको वातावरण अनुकूल बनेको भन्दै जलविद्युत्, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा लगानी बढाउन आह्वान गरिएको छ।

शनिबार यहाँ कार्यक्रममा सहभागी उद्यमी तथा विज्ञहरूले नीतिगत स्थायित्व, विश्वासको वातावरण र संस्थागत संयन्त्र निर्माण गर्न सके प्रवासी नेपालीको लगानी बढ्न सक्ने धारणा राखेका छन्।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको विश्वस्त आधार बनाउँदै सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो। विगतमा अस्थिर सरकारका कारण नीतिगत एकरुपतामा केही समस्या रहे पनि अब करिब दुई तिहाइसहितको सरकार आउन लागेकाले लगानीकर्तामा आत्मविश्वास जगाउन सबै एकजुट हुनुपर्ने भन्दै उहाँल लगानी सहजीकरण गर्न बोर्ड प्रतिबद्ध रहेको बताउनुभयो।

नेपाल राष्ट्र बैङ्क अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेलले विदेशमा रहेका करिब ८० लाख नेपालीलाई नेपालको दीर्घकालीन आर्थिक विकासमा जोड्ने विषयमा सोच्नुपर्ने बताउनुभयो। उहाँले लगानीका लागि सुरक्षित

बाँकी अन्तिम पृष्ठमा ▶▶

ऱ्यान्डम रिडर्समा 'यलोफेस' माथि परिचर्चा

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

पोखराको हिमालयन रिडर्स कर्नरमा शनिबार आयोजित साहित्यिक कार्यक्रममा चर्चित उपन्यास 'यलोफेस' माथि बहस गरिएको छ।

र्यान्डम रिडर्स सोसाइटी अफ नेपालको नियमित शृंखलाअन्तर्गत भएको कार्यक्रममा उपन्यासमा उठाइएका साहित्यिक चोरी, सांस्कृतिक स्वामित्व र पहिचानको राजनीतिका विषयमा विस्तृत छलफल भएको हो।

कार्यक्रममा लेखक तीर्थ गुरुङले तयार पारेको अवधारणापत्र प्रस्तुत गरेका थिए। पुस्तकका विभिन्न पक्षलाई विश्लेषण गर्दै उनले उपन्यासले समकालीन साहित्यिक प्रवृत्तिको जटिलता उजागर गरेको बताए। उनका अनुसार कार्यक्रममा ६० भन्दा बढी पाठक सहभागी थिए।

रेबिका कुआङद्वारा लिखित उक्त उपन्यास साहित्यिक मित्रता र प्रतिस्पर्धाको जटिल सम्बन्धबाट सुरु हुन्छ। कथामा मुख्य पात्र जुन हेवर्डले आफ्नी चिनियाँ-अमेरिकी साथी एथेना लिउको आकस्मिक मृत्यु भएपछि उनले लेखिरहेको अधुरो पाण्डुलिपि चोर्छिन्। त्यसपछि उक्त पाण्डुलिपिलाई परिमार्जन

गरेर आफ्नै नाममा प्रकाशित गर्दै जुन एकाएक चर्चित लेखिका बन्छिन्।

उपन्यासमा जुनले आफ्नो जातीय पहिचान लुकाउन 'जुनियर सोङ' नाम प्रयोग गर्ने प्रसंग छ। यो घटनालाई केवल साहित्यिक चोरी मात्र नभई अर्काको संस्कृति र अनुभवमाथिको हस्तक्षेपका रूपमा चित्रण गरिएको छ। कार्यक्रममा प्रस्तुत अवधारणापत्रमा उपन्यासले सांस्कृतिक स्वामित्व र प्रतिनिधित्वका विषयमा उठाएका प्रश्नहरूबारे पनि चर्चा गरिएको थियो। तीर्थका अनुसार उपन्यासले प्रकाशन उद्योगको भित्री यथार्थलाई पनि प्रस्ट रूपमा देखाएको छ। बजारमा 'विविधता' लाई वस्तुका रूपमा कसरी प्रयोग गरिन्छ र लेखकहरूलाई जातीय पहिचानका आधारमा कसरी 'टोकनाइज' गरिन्छ भन्ने पक्षलाई कृतिले उजागर गरेको उनले बताए। प्रकाशकहरूले जुनको श्वेत पहिचानलाई चिनियाँ इतिहाससँग जोडेर बजारमा प्रस्तुत गरेको प्रसंगले 'ह्वाइटवासिङ' र 'सांस्कृतिक अपहरण' को बहसलाई झन् गहिरो बनाएको उनको भनाइ थियो। उपन्यासमा देखाइएको 'एटेन्सन इकोनोमी' र 'क्यान्सिल कल्चर' ले आधुनिक साहित्य सामाजिक सञ्जालका 'अल्गोरिदम' भित्र कसरी प्रभावमा पर्छ भन्ने विषय पनि उनले स्पष्ट पारे। सामाजिक सञ्जाल, विशेषगरी 'ट्विटर' र 'बुकटोक' मा हुने बहस र ट्रोलिङले कुनै लेखकलाई उचाइमा पुऱ्याउन वा संकटमा पार्न सक्ने अवस्थालाई पनि कृतिले चित्रण गरेको उनले बताए। अवधारणापत्रमा 'उपन्यासले को जो कोहीले जोसुकैको संस्कृतिका बारेमा लेख्न सक्छ वा सक्दैन भन्ने मुख्य प्रश्न उठाएको छ' भन्ने उल्लेख गरिएको थियो। कथामा जुन हेवर्डले आफूले गरेको चोरीलाई 'क्षतिपूर्ति' का रूपमा व्याख्या गर्दै आफूलाई निर्दोष देखाउन खोज्ने प्रसंगलाई मानव स्वभावको जटिल र स्वार्थी पक्षसँग जोडेर विश्लेषण गरिएको थियो। छलफलमा सरस्वती प्रतीक्षा, गौरी गुरुङ र शिव संकल्पसँग प्रश्नोत्तर गर्दै गुरुङले बहसलाई थप विस्तार दिएका थिए।

कार्यक्रममा रमेशबहादुर थापा र कीर्तन गौतमले पनि उपन्यासका विभिन्न आयामबारे धारणा राखेका थिए। गुरुङले उपन्यासमा जुन बाहेक अन्य पात्रहरूको निर्माणमा केही कमजोरी देखिएको र कथाको अन्त्य अलि हतारिएको जस्तो लागेको टिप्पणी पनि गरे। 'यलोफेस' ले उठाएको 'आइडेंटिटी पोलिटिक्स' र 'प्लेजरिजम' सम्बन्धी बहसले कार्यक्रममा सहभागी पाठकहरूबीच लामो समयसम्म जिज्ञासा र छलफलको वातावरण सिर्जना गरेको थियो।

संस्थाका अध्यक्ष दीपक पराजुलीले विश्व साहित्यमा चर्चित कृतिमाथि बहस गर्ने योजना यसपटक सफल भएको बताए। संस्थाका सचिव ध्रुव केसीले आगामी महिनाको छलफलका लागि चयन गरिने पुस्तकबारे छिट्टै जानकारी गराइने जानकारी दिए।

१४ औं राष्ट्रिय हेमजा आलु महोत्सव चैतको २७ गतदेखि हुने

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

आलु गाउँका रूपमा ख्याति कमाएको कास्कीको हेमजामा १४ औं राष्ट्रिय हेमजा आलु महोत्सव हुने भएको छ।

आगामी चैत २७ गतदेखि वैशाख ५ गतेसम्म सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाऊँ, आलु एक परिकार अनेक भन्ने मूल नाराका साथ महोत्सवको आयोजना हुने भएको छ।

महोत्सव पोखरा २५ हेमजाको विष्णु पादुका खेलमैदान हेमजामा हुने छ। शनिवार आयोजित आम भेलाले वसन्त कुमार श्रेष्ठको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको छ।समिति सहसंयोजकमा मिना कुँवर महासचिवमा विकल थापा, सचिवमा विपिन पौडेल तथा कोषाध्यक्षमा डम्बरबहादुर कुँवर रहनु भएको छ।

भेलाले विभिन्न उपसमिति पनि गठन गरेको छ। अर्थ सङ्कलन

उपसमिति संयोजकमा राजेन्द्र तिम्सिना, स्टल रेस्टुरेन्ट उपसमिति संयोजकमा कुमार श्रेष्ठ, आमा समूह परिचालन उपसमिति संयोजकमा अप्सरा तिम्सिना, अतिथि सत्कार उपसमिति संयोजकमा पार्वती थापा, सांस्कृतिक उपसमिति संयोजकमा सुशील श्रेष्ठ, सुरक्षा व्यवस्थापन उपसमितिको संयोजकको जिम्मेवारी इन्द्र थापालाई दिइएको छ। भेलाले प्रचारप्रसार उपसमितिमा निराजन अधिकारी ,पानी बिजुली उपसमिति संयोजकमा केशव गिरी, यातायात तथा पार्किङ उपसमिति संयोजकमा भुवन क्षेत्री, बैङ्क तथा वित्तीय सङ्घसंस्था समन्वय उपसमिति संयोजकमा कृष्ण पौडेल, स्वयंसेवक परिचालनमा सागर कुँवर, झाँकी ऱ्याली व्यवस्थापनमा उमा भुर्तेल पौडेल, कृषि परिचालन उपसमिति अर्जुन कार्की, कृषि प्रविधि कृष्ण तिम्सिना र सरसफाइ परिचालन तर्फ सुर्य थापाले जिम्मेवारी पाउनु भएको छ। २०६६ सालदेखि वार्षिक रूपमा उक्त महोत्सव आयोजना गरिँदै आएको छ। महोत्सवको पहिलो संस्करण स्थानीय बहुउद्देश्यीय किसान सहकारी संस्थाले, दोस्रो संस्करण तत्कालीन हेमजा गाविसले तथा तेस्रो संस्करणदेखि लगातार विष्णु पादुका क्लबले आयोजना गर्दै आएको छ।

खेलकुद पत्रकारिता तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

पोखरामा खेलकुद पत्रकारको क्षमता अभिबृद्धिका लागि दुईदिने खेलकुद पत्रकारिता तालिम सम्पन्न भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजना तथा प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा तालिमको आयोजना भएको हो। पोखरामा रहेर काम गरिरहेका पत्रकार हरूलाई विभिन्न विधाका खेलका रिपोर्टिङ कसरी गर्ने र कस्ता नियम छन् भन्ने बारेमा प्रशिक्षण दिइएको थियो।

विशेष गरि खेलकुदको क्षेत्रमा कलम चलाउन मद्दत पुग्ने लक्ष्यका साथ तालिमको आयोजना गरिएको हो।दुईदिने तालिममा राष्ट्रिय खेल भलिबलका प्रशिक्षक राजन पौडेल, क्रिकेटका अन्तर ष्ट्रिय अम्पायर दुर्गानाथ सुवेदी, गल्फ विधामा जिवाराम गुरुङ्ग, मार्शलआर्ट विधामा प्रशिक्षक सुवास खड्का र फुटबल विधामा प्रशिक्षक हिमेश रत्न बज्राचार्यले प्रशिक्षण दिएका थिए।

तालिमको समापनका अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले तालिमले विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारहरूको क्षमता वृद्धि सँगै लेखन शैलीमा निखार ल्याउने बताए। तालिममा ६५ जना पत्रकारको सहभागिता रहेको थियो। तालिमपश्चात् प्रमुख प्रशिक्षक दुर्गानाथ सुवेदीले खेलाडीहरूको उत्साह सँगै उनीहरूको लगनशीलता र मेहनतलाई देखाउने माध्यम नै खेल पत्रकार रहेको बताए। उनले खेलका नियम र सिस्टमलाई राम्रोसँग बुझेर प्रसारण गर्नका लागि यस तालिमले महत्त्वपूर्ण भूमिका खेलेको सुनाए।

गण्डकी प्रदेशमा रहेर खेल्ने खेलाडी, खेल प्रशिक्षक, खेलकुदका संघ संस्था र सरोकारवालाहरूका लागि यस्ता तालिमले खेलकुदको विकाससँगै खेल पर्यटनको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान

दिने उनले बताए। यस्तै पत्रकार कमल पौडेल (अथक) ले प्रत्यक्ष खेल भइरहेकै ठाउँमा समेत पुगेर तालिम लिने अवसर पाएकोमा खुसी व्यक्त गर्दै तालिमले लेखन शैलीमा निखार आउने र खेलकुदका समाचार बनाउँदा हुने समस्यामा कमी आउने बताए। मञ्चका अध्यक्ष मान बहादुर घर्ति (एमबि आस्था) ले दुईदिनसम्म सञ्चालन भएको तालिमबाट केही न केही नयाँ ज्ञान प्राप्त भएको विश्वास व्यक्त गरे। उनले आगामी दिनमा खेलकुद सम्बन्धी समाचार उत्पादन तथा प्रसारणमा सहजता ल्याउने चर्चा गर्दै तालिमका प्रशिक्षक तथा सहभागीहरूलाई धन्यवाद ज्ञापन गरे। प्रशिक्षार्थीहरुलाई खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबि आस्था, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, मञ्चका सल्लाहकार सुरज श्रेष्ठ, पूर्व अध्यक्ष प्रेम नारायण न्यौपाने, उपाध्यक्ष राजाराम पौडेल संगै प्रशिक्षकहरु दुर्गानाथ सुवेदी, हिमेश रत्न बज्राचार्य, सुबास खड्का लगायतले प्रमाणपत्र प्रदान गरेका थिए। तालिमको समापन कार्यक्रम नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव परशुराम शर्माले सञ्चालन गरेका थिए।

दादुरा प्रभावित ढोरपाटनमा चार हजार ६१७ जनालाई खोप लगाइयो

पोखरापत्र संवाददाता
बागलुङ, ३० फागुन

बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणका खोप लगाइएको छ। नगरका नौवटै वडामा एकसाथ शुक्रबार चार हजार ६१७ बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ।

आवश्यक खोप र जनशक्ति दादुरा प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थामा पुगेर शुक्रबार खोप लगाइएको हो। ढोरपाटनको विकट गाउँमा महामारीको रूपमा फैलिएको दादुरा प्रकोप नियन्त्रणका लागि ढोरपाटन नगरपालिका भरका छ हजार ७६३ बालबालिका र किशोरकिशोरीलाई खोप लगाउने लक्ष्यअनुसार पहिलो दिन नै चार हजार ६१७ जनालाई खोप लगाइएको छ। छुटेका बालबालिका र किशोरकिशोरीलाई पुनः विद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने छ। बागलुङको ढोरपाटन नगरपालिका वडा नम्बर ७, ८ र ९ को बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा रोगका शङ्कास्पद ७४ जना बिरामी फेला परेका थिए। जसमध्ये ३२ जना भर्ना भएर उपचार भइसकेको छ। सात जना बालबालिका अझै उपचाररत रहेका छन्। दादुरा नियन्त्रणका लागि ढोरपाटन नगरपालिका-८ बोबाङ स्वास्थ्यचौकीमा आइसोलेसन तयार गरेर उपचार समेत भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिनुभयो। तत्काललाई दादुरा नियन्त्रण गरी थप फैलन नदिनका लागि नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई दादुराको खोप प्रदान गरिएको हो। यस्तै उपचारमा संलग्नरहेका २३७स्वास्थ्यकर्मीलाई समेत दादुराविरुद्धको खोप लगाइने छ।

खोप अभियान चैत १ गतेसम्म सञ्चालन गरिने छ। जसका लागि अपुग स्वास्थ्यकर्मी छिमेकी गाउँपालिका बडिगाड र निसीखोलाबाट समेत झिकाइएको छ।

अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाले समेत सघाएका थिए। फागुन ८ गते ढोरपाटनमा एक जनालाई दादुरा सङ्क्रमण भएको पुष्टि भएको थियो। त्यसयता थप पाँच जनामा सङ्क्रमण पुष्टि भए पनि अन्यलाई लक्ष्यण देखिएकाले नियन्त्रणका लागि खोप लगाइएको हो। दादुरा सङ्क्रमण नियन्त्रणका लागि खोप नै सबैभन्दा उत्तम उपाय भन्दै ढोरपाटनका १० देखि १९ वर्ष उमेर समूहका सबैलाई खोप लगाइने छ।

खड्क प्रसाद ओली.....

वातावरण, बजार र विश्वासको आधार तयार गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा अब राजनीतिक स्थिरताको वातावरण बनेकाले प्रवासी नेपालीसँग सहकार्य गरेर नीतिगत सुधारमार्फत लगानी भित्र्याउन निजी क्षेत्र तयार रहेको बताउनुभयो।

नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष हेमराज ढकालले नेपालको अर्थतन्त्रलाई १०० बिलियन डलरको बनाउन एनआरएनको लगानी महत्वपूर्ण हुने धारणा राख्नुभयो। चेम्बर अफ कमर्सका उपाध्यक्ष दीपक मल्होत्राले नीतिगत स्थायित्व, लगानी र विश्वासमा जोड दिँदै गैरआवासीय लगानीका लागि संस्थागत संयन्त्र आवश्यक भएको धारणा राख्नुभयो। एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले भावी पुस्ताको भविष्यलाई ध्यानमा राख्दै नेपालमा लगानी गर्न आग्रह गर्नुभयो। यसैबीच, सम्मेलनअन्तर्गत आयोजित 'दोस्रो पुस्ताका युवा र सांस्कृतिक उत्तरदायित्व' सत्रमा वरिष्ठ संस्कृतिविद् डा जगमान गुरुङले संस्कृतिको संरक्षण पुस्तान्तरणबाट हुने भन्दै प्रवासमा रहेका नेपालीका सन्ततिलाई संस्कृति र भाषासँग जोड्नुपर्ने बताउनुभयो। संस्कृतिविद् प्राडा वीणा पौडेलले भाषा, कला र चाडपर्वमार्फत संस्कृति जोगाउन सकिने उल्लेख गर्नुभयो। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले प्रवासमा रहेका दोस्रो पुस्तालाई नेपालसँग जोड्न सांस्कृतिक पर्यटन प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो। एनआरएनएका उपाध्यक्ष डा हेमराज शर्माले युवालाई नेपालसँग जोड्न भाषा शिक्षा, सांस्कृतिक कार्यक्रम र खेलकुदजस्ता गतिविधि उपयोगी हुने धारणा राख्नुभयो। कार्यक्रममा विभिन्न वक्ताले प्रवासी नेपालीको लगानी, सीप र ज्ञानलाई नेपालको आर्थिक विकाससँग जोड्न नीतिगत सुधार र सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए।

विदेशमा सिकेको सीप र ज्ञान मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्ने

रासस
काठमाडौं, ३० फागुन

परराष्ट्रमन्त्री बालानन्द शर्माले प्रवासमा हासिल गरेको ज्ञान, सीप र अनुभव मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ।

गैरआवासीय नेपाली सङ्घको १२औं विश्व सम्मेलनको शनिबार यहाँ शुभारम्भ गर्दै उहाँले र प्रवासी नेपालीलाई मुलुकको आर्थिक, सामाजिक विकासमा साझेदार हुन आह्वान गर्नुभयो।

प्रविधिका कारण विकास तीव्र रुपमा अगाडि बढिरहेको बताउँदै उहाँले अन्तरराष्ट्रिय तहमा शक्ति सन्तुलनमा फेरबदल आएकाले देशको भूराजनीतिक सम्बन्ध तथा सौम्य शक्ति वृद्धि गर्न सङ्घले सेतुको काम गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालका सांस्कृतिक दूतका रुपमा गैरआवासीय नेपालीले पारस्परिक विश्वास अगाडि बढाएर नेपाली माटोमा योगदान पुऱ्याउने विचार व्यक्त गर्दै उहाँले सङ्घको संरक्षण तथा प्रवर्द्धनका लागि सरकारले आवश्यक ऐन परिमार्जन गर्ने जानकारी दिनुभयो।

फरक प्रसङ्गमा उहाँले अन्तरराष्ट्रिय तहमा भएका द्वन्द्वका कारण त्यहाँस्थित नेपालीको सुरक्षाप्रति सरकार संवेदनशील रहेको बताउँदै आपतकालीन अवस्थामा उनीहरुलाई सहयोगका लागि परराष्ट्र मन्त्रालयका साथै सम्बन्धित मुलुकस्थित नेपाली नियोगमार्फत उद्धार उडान पनि सञ्चालन गरेको जानकारी दिनुभयो।

सङ्घका कार्यकारी अध्यक्ष बद्री केसीले नेपालमा लगानी भित्र्याउनेतर्फ आफूहरू क्रियाशील रहेको बताउँदै गैरआवासीय नेपालीको अधिकार संरक्षण गर्न संस्था प्रतिबद्ध रहेको दोहोर्‍याउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१४४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनाबाडीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सस्वा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिस्र, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिस्र, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

सम्पादकीय

उपभोक्ताको अधिकारलाई बेवास्ता नगर

संविधानले उपभोक्ता अधिकारलाई उच्च प्राथमिकता दिए पनि सरकारले भने उपभोक्ता अधिकारलाई बेवास्ता गरेको छ । उपभोक्ता अधिकारकर्मीहरूको चौतर्फी दबाब र सर्वोच्च अदालतको आदेशपछि सरकारले उपभोक्ता अदालत स्थापना गरे पनि स्थापनाको एक वर्ष बित्न लाग्दासमेत उपभोक्ता अदालतमा सरकारी निकायहरूबाट मुद्दा दायर भएको छैन । स्थापनाको एक वर्ष बित्न लाग्दासमेत उपभोक्ता अदालतमा सरकारी निकायहरूबाट एउटै मुद्दा दायर भएको छैन । उपभोक्तातर्फबाट भने हालसम्म विभिन्न कसुरका ४० वटा मुद्दा दायर भएका छन् । अघिल्लो सरकारले उपभोक्ता अदालत गठन गरेर सञ्चालनमा ल्याए पनि उपभोक्तालाई क्षतिपूर्ति दिलाउन सरकारी निकायहरूले मुद्दा लगेका छैनन् । उपभोक्ता अदालतमा जति हुन्छ, धेरै मुद्दाहरू लैजानुपर्छ । अहिले समस्याहरू छन् तर मुद्दाहरू धेरै जान सकिरहेको छैन । वाणिज्य विभागले धेरै निरीक्षकहरू तोकेको छ । घरेलुदेखि विभागकै अधिकृतहरूलाई निरीक्षक तोकिएको छ ।'

वाणिज्य विभागलाई तीन लाख रुपैयाँ जरिवाना गर्ने अधिकारका साथै मुद्दा चलाउन सक्ने अधिकारसमेत रहेको भए पनि मुद्दा नचाइनु चिन्ताको विषय हो । जति अपराध भए पनि तीन लाख जरिवाना गरेर उन्मुक्ति दिनु गम्भीर विषय हो । नसर्ने रोगअन्तर्गत सुर्तीजन्य पदार्थबाट वर्षमै हजारौंलाई क्यान्सर लागिरहेको छ । क्यान्सरजस्ता नसर्ने रोगबाट नेपालमै हजारौंको ज्यान गइरहेकाले समयमै सचेत हुन आवश्यक छ । विश्व उपभोक्ता दिवसको उपलक्ष्यमा सन २०२६ को लागि शुरक्षित उत्पादन, विश्वस्त उपभोक्ता नारा छानेको छ ।

सुरक्षित वस्तु उत्पादन गर्नु भनेको स्वास्थ्य, गुणस्तर र कानुनी मापदण्ड अनुसार उत्पादन तयार गर्नु हो । पहिलो कुरा त विश्वसनीय र गुणस्तरीय कच्चा पदार्थ प्रयोग गर्नुपर्छ । रासायनिक, हानिकारक तत्व वा विषादीबाट मुक्त हुनु पर्छ । अर्गानिक वा प्रमाणित सामग्री भए अझ सुरक्षित हुन्छ । उत्पादन स्थल सफा र हाइजिनिक हुनुपर्छ ।

कर्मचारीहरूको स्वास्थ्य र हाइजिन सुनिश्चित गर्नु पर्छ । कर्मचारीले हात धुने, मास्क लगाउने, गाउन लगाउने गर्नुपर्छ । उत्पादनका औजार, मेशिन, भाँडाकुँडाहरु नियमित साफ गर्नुपर्छ । सुरक्षित उत्पादन प्रक्रिया अपनाउन तापक्रम, भण्डारण र प्याकेजिङ सबै सुरक्षित राख्नुपर्छ । रासायनिक, जीवाणु र भौतिक हानिबाट सुरक्षा सुनिश्चित गर्नुपर्छ । उत्पादनमा लेबलिङ् गर्दा मिश्रित पदार्थ, ब्याच नम्बर, उत्पादन मिति, समाप्त मिति हुनुपर्छ । भण्डारण सर्तहरू स्पष्ट उल्लेख गर्नुपर्छ । ब्याक्टेरिया लगायतका जिवाणुबाट सुरक्षित राख्नुपर्छ । सुरक्षित र वातावरणमैत्री प्याकेजिङ हुनुपर्छ । परीक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्छ ।

उत्पादन अघि ल्याब परीक्षण हुनुपर्छ । नियमित गुणस्तर निरीक्षण गर्नुपर्छ । यदि ठूलो उत्पादन भने, थर्ड पार्टी टेस्टिङ् हुनुपर्छ । कानुनी र प्रमाणीकरण पालना गर्नुपर्छ । नेपालमा फुड सेफ्टी एण्ड स्ट्यान्डर्ड एक्ट वा नेपाल स्ट्याण्डर्ड अनुसार प्रमाणीकरण लिनु पर्छ । आवश्यक गभर्नमेन्ट एप्रोभल र लाइसेन्स प्राप्त गर्नुपर्छ । त्यसरी नै सुरक्षित उत्पादन छ भनेर उपभोक्ता विश्वस्त हुनुपर्छ । उपभोक्ता सचेत जानकार जिम्मेवार हुनुपर्छ । उपभोक्ता उत्पादन प्रक्रिया देखि कानुन ऐनहरुको विषयमा सचेत हुनुपर्छ । सचेत उपभोक्ता नै विश्वस्त उपभोक्ता हो ।

स्वच्छ बजार कायम राख्ने, उपभोक्ता हित संरक्षण गर्ने, कानुनको सम्मान गराउने दायित्व स्थानीय प्रदेश र सघ सरकारको हो, तर यो दायित्व पुरा भएको छैन । अहिले इन्धनमा देखिएको आपूर्ति असहजता अन्तर्राष्ट्रिय कारणले मात्रै होईन सरकारको कार्ययोजना नभएकोले पनि हो । इन्धन लगायत अत्यावश्यक बस्तु सेवामा कुनै कृत्रिम अभाव कालोबजारी नाफाखोरि आपूर्ति असहज बनाउने कसैले गरे तत्काल पक्राउ गरि कारबाही गर्नु पर्छ ।

बस्तु सेवा र मष्ष्तर्बा अयलतभलत मा उपभोक्ता अधिकार हनन हुनु संविधानको धारा ४४ बमोजिम उपभोक्ताको मौलिक हक हनन हुनु हो । मौलिक हकको संरक्षण गर्नु सबैको दायित्व हो । उपभोक्ता अधिकार आधारभूत मानवअधिकार हो । राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेको कार्ययोजना कार्यान्वयन गर्न यो परिपालाना को बाताबरण तयार गर्नु पर्छ । उपभोक्ता सम्बन्धि राष्ट्रिय र अन्तर ष्ट्रिय मानक र अभिसन्धि हरु परिपालाना को बाताबरण तयार गर्नु उपभोक्ता सचेतता बिकास गर्नु र व्यावसाय र मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यनयन गर्नु सबैको दायित्व हो । यसका लागि नयाँ सरकारले आफ्नो प्राथमिकता बनाउनुपर्छ ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: आर्थिक समस्या
वृष	: मानसिक तनाब	वृश्चिक	: शत्रुको भय
मिथुन	: ब्यापारमा लाभ	धनु	: सहयोग मिल्नेछ
ककर्ट	: झमेला बड्ने	मकर	: कार्यमा सफलता
सिंह	: शुभ यात्रा	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: स्वास्थ्यमा सुधार	मीन	: अप्रत्यसित लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

उद्यमीलाई बिनाधितो ऋण

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले उद्यमीलाई बिनाधितो ऋण उपलब्ध गराएको छ ।

तीन वर्षअघि सुरु भएको यस कार्यक्रमबाट हालसम्म ५० जनालाई रु ४९ लाख ७५ हजार बिनाधितो ऋण लगानी गरेको हो । गाउँपालिकाका सूचना अधिकारी भेषनाथ आचार्यले 'रुपान्तरणीय सामाजिक परिचालनद्वारा वडा विकास कार्यक्रम' अन्तर्गत शुक्रबार थप रु नौ लाख अनुदान उपलब्ध गराएको जानकारी दिनुभयो । "विभिन्न प्रकृतिका उद्यमको वर्गीकरण गरी छनोट भएका उद्यमीलाई किस्ता बन्दीमा फिर्ता गर्ने गरी एक जनालाई रु एक लाखका दरले अनुदान उपलब्ध गराएको," उहाँले भन्नुभयो "वडा विकास कार्यक्रमले टोल विकास संस्थाका सदस्यलाई आत्मनिर्भर बनाउन तथा आर्थिकस्तर वृद्धि गर्न पछिल्लो तीन वर्षदेखि घुम्ती कोष परिचालन गरी सहयोग गर्दै आएको छ ।" यसअघि गत कात्तिकमा १२ जनालाई रु १२ लाख, विसं २०८१ मा २० जनालाई, २०८० मा नौ जनालाई सहयोग गरेको थियो । हालसम्म ५० जनालाई रु ४९ लाख ७५ हजार बिनाधितो ऋण लगानी गरेको गाउँपालिकाले जनाएको छ । थप ऋण पाउनेमा वडा नं १ का चक्रे दमाई, ३ का सोमबहादुर दमाई, दुर्गा रेग्मी, शन्तु भण्डारी, वडा नं ४ का रिता मल्ल, बसन्तीकुमारी मल्ल, दुर्गबहादुर दर्जी, वडा नं ६ का कौशिला नेपाली र वडा नं ७ का रोहितप्रसाद आचार्य रहेका छन् । सहुलियत ब्याजदरमा बिनाधितो प्राप्त गरेको घुम्ती कोषको रकम अवधि पुगेपछि टोल विकास संस्थालाई फिर्ता गर्नुपर्नेछ ।

असल उद्यमी निर्माण तथा उद्यमशीलताको विकास गर्ने, भौतिक पूर्वाधारका काममा गुणस्तर कायम गर्ने, कृषि तथा पशुजन्य उत्पादनमा आत्मर्निभर बनाउने, युवाको विदेश पलायनमा न्यूनीकरण गरी रोजगारीका अवसर सिर्जना गर्नेलगायत उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ ।

कृषि उद्यमलाई प्रभावकारी बनाउन र गरिबी न्यूनीकरण गर्ने उद्देश्यले घुम्ती कोष परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । उहाँका अनुसार हरेक वर्ष फरकफरक उद्यमीलाई विउँपुजी सहयोग गरिएको छ । पालिकाभित्रै व्यावसायिकरूपमा गरिने फलफूल, तरकारी उत्पादन, पशुपक्षीपालन, घरेलु औजार तथा उपकरण निर्माण गरी स्वरोजगार मूलक काम गरिरहेका उद्यमीको प्रोत्साहन हुनुका साथै यस क्षेत्रमा लाग्न चाहने युवालाई पनि प्रेरणा मिल्ने अपेक्षा गरिएको छ ।

गुणस्तरहीन पुल भत्काएर पुनर्निर्माण गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ३० फागुन

व्यास नगरपालिका-३ देउरालीनगर र व्यास-१ भादगाउँ जोड्ने बुल्दीखोला मोटरेवल पुलको निर्माण कार्यले गति लिन थालेको छ । यस पुलको एक 'स्पान' को बिम र ढलान निर्माणका क्रममा गुणस्तरहीन पाइएपछि त्यसलाई भत्काएर नयाँ शिराबाट पुनर्निर्माण कार्य थालिएको हो ।

लामो समयको अन्योल र प्राविधिक अवरोधपछि हालसम्म पुलको ४५ प्रतिशत भौतिक प्रगति हासिल गरेको पूर्वाधार विकास कार्यालय तनहुँका डिभिजन इन्जिनियर रवीन्द्र तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार पुलका पिल्लर प्राविधिक रूपमा सही भए पनि माथिल्लो संरचना कमजोर देखिएकाले गुणस्तरमा सम्झौता नगर्ने नीतिअनुरूप भत्काउन निर्देशन दिइएको हो । सोही निर्देशनबमोजिम ठेकेदार कम्पनीले गुणस्तरहीन भाग हटाएर अहिले निर्माण कार्यलाई तीव्रता दिइरहेको छ । विसं २०७७ मा रु पाँच करोड १० लाख ३३ हजारको लागतमा सम्झौता भएको २५ मिटर लामो र ८.४ मिटर चौडाइको यो पुल निर्माणमा यसअघि विभिन्न कारणले ढिलाइ हुँदै आएको थियो । पुल निर्माणमा मुख्य बाधाका रूपमा रहेको व्यास-१ विज्ञानचौरतर्फको विद्युत् ट्रान्सफर्मर स्थानान्तरण गरिएसँगै काम गर्ने वातावरण सहज बनेको छ । ट्रान्सफर्मर हटाएपछि निर्माण कम्पनीले जनशक्ति र उपकरण परिचालन बढाएकाले हाल कामले गति लिएको कार्यालयले जनाएको छ । पुलको म्याद आगामी चैतसम्म रहेको भए पनि पछिल्लो समय काममा देखिएको तीव्रताका कारण बाँकी निर्माण सम्पन्न गर्नका लागि म्याद थप हुने सम्भावनासमेत देखिएको छ । यो पुल निर्माण सम्पन्न भएपछि व्यास-१, २ र ३ का बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन् । विशेषगरी यस क्षेत्रमा रहेका पाँचवटा विद्यालय र एक कलेजका विद्यार्थीलाई वर्षायाममा खोला तर्नुपर्ने बाध्यता अन्त्य हुनेछ । गुणस्तरहीन संरचना भत्काएर पुनः मजबुत बनाउने कार्य भइरहेकाले अबको केही समयभित्रै स्थानीय एवं सर्वसाधारणले सुरक्षित र भरपर्दो पुल प्रयोग गर्न पाउने विश्वास सो कार्यालयले गरेको छ ।

म्याग्दीको मुनामा ग्रामीण सरसफाइ आयोजना

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

धवलागिरि गाउँपालिका-३ मुनामा ढल व्यवस्थापन आयोजना निर्माण थालिएको छ ।

सङ्घीय सरकारको विशेष अनुदानमा धवलागिरि गाउँपालिकाले मुना गाउँको सरसफाइ र ढल व्यवस्थापनका लागि नाली (पक्की नहर) निर्माण थालेको हो । मुनामा हाल धवलागिरि गाउँपालिकाको केन्द्र रहेको छ । भिरालो पाखोमा गुजमुज्ज बाक्लो बस्ति रहेको मुनाका घरबाट निस्कने फोहर पानी र बर्खायाममा बग्ने पानीको सुरक्षित तथा व्यवस्थित निकासका लागि आयोजना सञ्चालन गरेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिनुभयो । "बर्खामा पाखामा बग्ने पानीले गाउँलाई असुरक्षित र घरबाट निस्कने ढलका कारण फोहर व्यवस्थापनमा चुनौती छ", उहाँले भन्नुभयो, "मुना गाउँलाई सफा र सुरक्षित बनाउने उद्देश्यले आयोजना सञ्चालन गरेका हौं ।" मुनामा करिब ३०० घरपरिवारको बसोबास रहेको छ । उक्त योजना निर्माणका लागि गत माघ २५ गते मङ्गला कन्स्ट्रक्सन प्रालीले रु ६० लाख ७८ हजार ७४७ मा ठेक्का सम्झौता गरेको थियो । आगामी असार १५ गतेसम्म ठेक्काको म्याद रहेको छ । योजनामार्फत ७५० मिटर पक्की नाला निर्माण गरिने धवलागिरि गाउँपालिकाको प्राविधिक शाखाका प्रमुख लोकेन्द्र रावलले जानकारी दिनुभयो । गत वर्ष वडा नं ४ मुदीमा ढल व्यवस्थापन आयोजना सञ्चालन भएको थियो ।

वास्थला, गनगने र पँधेराखोला खानेपानी उपभोक्ता समितिको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

श्री वास्थला, गनगने र पँधेराखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिको २१ औं साधारण सभा तथा उपभोक्ता भेला शनिवार आर्वामा सम्पन्न भएको छ ।

सभाको उद्घाटन गर्दै प्रमुख अतिथि संस्थापक अध्यक्ष नरबहादुर बरालले खानेपानी जस्तो संवेदनशील विषयमा प्रत्येक उपभोक्ताहरू सचेत, जागरुक र चेतनशील भएर पिउने पानीको संरक्षणमा लाग्न आग्रह गरे । "ठूलो जोखिम मोलेर आर्वालीलाई पिउने पानी सहज रुपमा उपलब्ध गराएको प्रसङ्ग कोट्याउँदै उनले झण्डै १७ वर्ष उपभोक्ता समितिको नेतृत्व गर्दा पाएको दुख, हण्डर र झेलेका कैयौं समस्याहरुको सकुशल समाधान गरेको अनुभव प्रमुख अतिथि बरालले सुनाएका थिए । उपभोक्ता मार्फत आफ्नै लगानीमा झण्डै आठ किलोमिटर टाढा जंगलबाट ल्याएर उपभोक्तालाई पिउने पानी सहज बनाईएको सो समितिमा झण्डै तीन सय उपभोक्ता आवद्ध छन् । उपभोक्ता समिति मार्फत प्रत्येक घरमा मिटर धारा जडान गरि पीउने पानी उपलब्ध गराईएको छ । हाल सम्म सो खानेपानी समितिलाई सरकारी तवरबाट खासै ठूलो सहयोग नभएको बताईन्छ । समितिका अध्यक्ष बद्रीप्रसाद देबकोटाको अध्यक्षतामा भएको २१ उपभोक्ता भेलामा कार्यक्रमका बिशेष अतिथि सल्लाहकार बसन्त शर्मा अधिकारी, पत्रकार श्रीराम सिग्देल, आर्वाली लिफ्टीङ्ग खानेपानीका अध्यक्ष देबराज पौडेल, अमरज्योती आधारभुत विद्यालयका प्र.अ बिमलबहादुर बराल, रतन पाण्डे मा.वि व्यवस्थापन समिति अध्यक्ष बिष्णुप्रसाद बराल, सालघारी सहेले बन उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद बराल, भीरपानी सिस्नेपानी संरक्षण समितिका अध्यक्ष बुद्धीप्रसाद बराल, मोहरपानी आदर्श टोलका सल्लाहकार ऋषीराम सिग्देल आर्वाली आमा समुहकी अध्यक्ष लक्ष्मी बराल, शिक्षिका सुमित्रा बराल लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा अध्यक्ष बद्रीप्रसाद देबकोटाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष मधु बरालले पेश गरेको आर्थिक प्रतिवेदन सुझाब सहित पारित गरिएको थियो । समितिका उपाध्यक्ष राजनकुमार सिग्देलले स्वागत तथा सचिव नमुना बरालले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

आमाको डे केयर मन्टेश्वरी स्कुलमा अभिभावक दिवस सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

पोखरा १९ लामाचौरमा संचालित आमाको डे केयर मन्टेश्वरी स्कुलले बिबिध कार्यक्रमसहित अभिभावक दिवस मनाएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले बालबालिकाको पहिलो विद्यालय भनेकै आफ्नै घर हुने र त्यसपछि मात्रै औपचारिक शिक्षाको आरम्भ विद्यालयबाट हुने बताए । उनले बालबालिकालाई अनुशासित र मर्यादित बनाउन मन्टेश्वरी शिक्षाको भुमिका महत्वपुर्ण रहेको बताए । पोखरा महानगर शिक्षा महाशाखाका शिक्षा अधिकृत जीवनप्रसाद रेग्मीले विद्यार्थीको जग राम्रो भए मात्र उनीहरु असल र सक्षम बन्न सक्ने बताए । विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य शिवराम पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो । उनीहरुलाई प्रमुख अतिथी वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, शिक्षा अधिकृत जीवनप्रसाद रेग्मी, मन्टेश्वरी एसोसियशन कास्कीका अध्यक्ष रीतु पौडेल, कोषाध्यक्ष एवं पोखरा मन्टेश्वरीका प्रवन्धक थिरबहादुर थापा, अल्फा स्कुलका प्रिन्सिपल सुरेन्द्रमानसिंह भण्डारी, मन्टेश्वरीका प्रिन्सिपल जीवन आचार्य लगायतले पुरस्कार वितरण गरे ।

सो अवसरमा मन्टेश्वरी एसोसियशन कास्कीका अध्यक्ष रीतु पौडेल, कोषाध्यक्ष एवं पोखरा मन्टेश्वरीका प्रवन्धक थिरबहादुर थापा, अल्फा स्कुलका प्रिन्सिपल सुरेन्द्रमानसिंह भण्डारीले शैक्षिक गुणस्तरका लागि विद्यालयको एकल प्रयास मात्र संभव नहुने बताए । उनीहरुले अभिभावकको सकारात्मक भुमिकाले पनि शैक्षिक विकास संभव रहेको स्पष्ट पारे । कक्षा मन्टेश्वरी देखि ३ सम्म संचालित विद्यालयमा मन्टेश्वरीमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्दै आईरहेको प्रिन्सिपल जीवन आचार्य बताए ।

विद्यार्थीले नेपाली लोकलय झल्कने खालका विविध सांस्कृतिक प्रस्तुती राखेको कार्यक्रममा विद्यार्थी समिक्षा बाँस्तोला,आयुस परियारले स्वागत र संचालन शिक्षक कल्पना खनालले गरेकी थिईन् ।

हाँडेभिर-बगरफाँट-भकिम्ली सडक स्तरोन्नति गरिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, ३० फागुन

ट्र्याक खुलेको १८ वर्षपछि हाँडेभिर-बगरफाँट-दुधेखोला हुँदै भकिम्ली जोड्ने सडकखण्डको स्तरोन्नति भइरहेको छ । विसं २०६४ मा कृषि सडकका रूपमा म्याग्दीको बेनीबजारबाट बेनी नगरपालिका-२ को हाँडेभिर-बगरफाँट हुँदै भकिम्ली जोड्ने नौ किलोमिटर सडकको ट्र्याक खुलेकामा अहिले स्तरोन्नति भइरहेको हो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत बहुवर्षीय योजनाका रूपमा हाँडेभिर-बगरफाँट-भकिम्ली सडक आयोजना छनोट भएको हो । सडक स्तरोन्नतिका लागि पूर्वाधार विकास कार्यालयले माछापुच्छ्रे हिमालयन जेभीसँग रु १० करोड लागत अनुमान गरी प्रतिस्पर्धामार्फत विसं २०८१ जेठमा ठेक्का सम्झौता गरी आयोजना कार्यान्वयन गराइएको थियो । कम्पनीले दुई वर्षमा निर्माण सम्पन्न गरिसक्ने सर्तमा सडक स्तरोन्नतिको जिम्मा लिएको थियो । अहिले सडक फराकिलो बनाउने, नाली निर्माण गर्ने, सम्याउने, बेस तयार गर्ने, खोल्सा र खोलाहरूमा पक्की ढलान गरी पानीलाई निकास दिनेलगायत काम सकेर अब ग्राभेल गर्न बाँकी रहेको निर्माण कम्पनीका प्रतिनिधि निरोज भण्डारीले बताउनुभयो । "सडकको ग्राभेलबाहेकको अरू सम्पूर्ण काम अन्तिम चरणमा पुगेको छ ।

अबको एक साताभित्रमा ग्राभेलका लागि बेस राख्ने काम सुरु हुन्छ", उहाँले भन्नुभयो । बगरफाँटको कोटखोलादेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर बढी सडकलाई फराकिलो बनाउने, नाली निर्माण गर्ने काम सकिएको र अब ग्राभेलसहित स्तरोन्नति गरिने भण्डारीले बताउनुभयो । उहाँका अनुसार हाँडेभिरबाट बगरफाँटको बुद्ध एकेडेमीसम्मको सडक कालोपत्र भइसकेको छ । सडक स्तरोन्नतिको मापदण्डअनुसार बगरफाँटबाट दूधेखोलासम्मको करिब साढे दुई किमी सडकलाई आठ मिटर फराकिलो बनाइएको सडक स्तरोन्नति सहजीकरण समितिका संयोजक चन्द्रबहादुर घिमिरेले बताउनुभयो । अब ग्राभेलसहित स्तरोन्नति गरिने उहाँका भनाइ छ । सोही सडक स्तरोन्नति आयोजनाअन्तर्गत दूधेखोलाबाट भकिम्ली जोड्ने सडकको विभिन्न ठाउँमा ३९० मिटर ढलान गरेर स्तरोन्नति गरिएको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी रबिन चोखालले जानकारी दिनुभयो ।

सडक स्तरोन्नतिपछि बागलुङको ताराखोलाबाट म्याग्दीको मङ्गला गाउँपालिका-३ र ४ वडामा पर्ने बरङ्जा, अर्मन, बेनी नगरपालिकाका मुसुङडोले, थामडाँडा, बास्कुना, अर्जेखोलालगायत भकिम्ली, हल्लेगौडा, दूधेखोला र बगरफाँटका बासिन्दालाई सहज हुनेछ । यहाँ उत्पादिन सुन्तला, फलफूल, तरकारी, दूधलगायतका कृषि उपजको बजारीकरण र आवतजावतमा सहज हुने भएपछि स्थानीय खुसी भएका छन् ।

वालिङमा ओमकार ईभेन्ट हब फष्ट एक्स्पो हुने

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० फागुन

स्याङ्जाको वालिङमा नयाँ वर्षको अवसरमा ओँमकार ईभेन्ट हब फष्ट एक्स्पो हुने भएको छ। ओँमकार ईभेन्ट हब नामक संस्था वालिङको आयोजनामा आउँदो चैत्र २६ गतेदेखि बैशाख २ गतेसम्म वालिङ खेलमैदानमा ७ दिने एक्स्पो हुने भएको हो।

विषेश गरी नयाँ वर्ष २०८३ लाई लक्षित गर्दै आयोजना गरिएको एक्स्पोले आन्तरिक पर्यटनको प्रर्वद्धन गर्दै स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुको उजागर गर्ने अपेक्षा गरिएको छ। एक्स्पोका संयोजक विजय मल्लले नेपाली नयाँ वर्षलाई एउटा उत्सवको रुपमा मनाउने परम्पराको विकास गर्न आवश्यक रहेको भन्दै ओँमकार ईभेन्ट हबले शुरुवात गरेको जनाए । नेपाली नयाँ वर्षलाई पनि धुमधामका साथ मनाउने परम्पराको विकास गर्दै आन्तरिक पर्यटनको प्रर्वद्धन गर्न एक्स्पोले सहयोग पुग्ने विश्वास गरिएको छ। लागूऔषध नियन्त्रणका लागी सचेतनामुलक कार्यक्रम समेत एक्स्पोमा हुनेछ। मौलिक खाना, स्थानीय उत्पादनको प्रोत्सहानसँगै विभिन्न प्रतियोगितात्मक कार्यक्रम समाबेश गरिएको एक्स्पोमा ख्यातिप्राप्त व्याण्डहरुको लाईभ कर्न्सट समेत हुने संयोजक मल्लले जानकारी दिए।

एक्स्पोमा स्थानीयस्तरमा उत्पादित कृषि तथा ताजा तरकारी, फलफूल प्रर्दशनी, अदुवा, कफिको प्रर्दशनी, सूचना प्रविधिक तथा शैक्षिक सामग्री प्रर्दशनी, खेल प्रतियोगिता, बाल उद्यान, अटोमोबाईल्स, पर्यटन मेला, हस्तकला प्रर्दशनी, टिकटक प्रतियोगिता, हरेक दिन विषेश सांगितिक कार्यक्रम सहित औद्योगिक व्यापार मेला हुने आयोजक इभेन्टले जनाएको छ। ७३ लाख खर्च हुने एक्स्पोमा खर्च कटाएर बचत रकमले वालिङ खेलमैदान मर्मत तथा राष्ट्रिय महिला लिग प्रतियोगितामा सहभागिताका लागी वालिङ नगरपालिकालाई सहयोग गर्ने इभेन्टका प्रबन्धक नवराज पौडेलले बताए। एक्स्पोमा प्रवेश शुल्क १०० विद्यार्थीका लागी ७० र बेलुका हुने कर्न्सटको लागी ३०० शुल्क निर्धारण गरिएको छ । पर्यटनको प्रचुर संभावना भएको स्याङ्जासँगै जिल्लाको मध्य भागको व्यापारिक केन्द्र वालिङको पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउन यसअघि विविध कार्यक्रमहरु गर्दै आईरहेको भन्दै नयाँ वर्षको एक्स्पोले पनि सकरात्मक सन्देश प्रवाह गर्ने आयोजकको लक्ष्य छ। एक्स्पो हुने भनेसँगै स्थानीय व्यावसायीहरु उत्साहित भएका छन्।

आइतबारदेखि वर्षा पश्चिमतिर विस्तार हुने

रासस
काठमाडौं, ३० फागुन

पछिल्लो तीन दिनदेखि नेपालको गण्डकीदेखि कोशीसम्म वर्षा भइरहेकामा आइतबारदेखि भने पश्चिम नेपालसम्म वर्षा विस्तार हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेको र पूर्वकेन्द्रित भएको वर्षा भोलिदेखि प्रणालीको विकास भई पश्चिममा समेत विस्तार हुनेछ। विभागका मौसमविद् रोजन लामिछानेले अबको तीन दिन मुलुकभर मौसम बदली रहेको जानकारी दिनुभयो। उहाँका अनुसार बिहान खुलेजस्तो भए पनि विस्तारै दिउँसोदेखि मौसम बदली बढ्दै वर्षा हुनेछ। भोलिदेखि भने पश्चिममा अर्को प्रणाली पनि विकास हुने उहाँले जानकारी दिनुभयो । उच्च चापीय प्रणाली कमजोर हुने र न्यून चापीय प्रणालीका साथै पश्चिमी न्यून चापीय प्रणालीसमेत जोडिएर बदली गराउने मौसमविद् लामिछानेले जानकारी दिनुभयो। यसले हावाहुरी, चट्याङ र असिना पानी गराउने मौसमविद्ले बताएका छन् । कतैकतै भारी वर्षा पनि गराउने छ । शनिबार कतैकतै वर्षा भएको छ। विभागमा भएको तथ्याङ्क तथा वर्षा मापनको विवरणअनुसार पछिल्लो २४ घण्टामा सङ्खुवासभामा मात्रै भारी (५२ दशमलव दुई मिलिमिटर) वर्षा भएको छ। अन्य केही जिल्लामा मध्यमसम्म वर्षा र कतैकतै असिना पनि परेको विभागले जनाएको छ।

लोमान्थाङको आधारभूत अस्पताल भवन प्रयोगविहीन

पोखरापत्र संवाददाता
मुस्ताङ, ३० फागुन

माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङमा निर्मित पाँच शय्याको आधारभूत अस्पताल भवन एक वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको छ।

नेपाल-चीन सीमावर्ती क्षेत्रका स्थानीय नागरिकलाई विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवाको पहुँच स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको २७ कोठाको आधारभूत अस्पताल भवन प्रयोगविहीन बनेको हो।

माथिल्लो मुस्ताङको लोमान्थाङ-४ लोमान्थाङस्थित धुराङ भन्ने स्थानमा एक वर्षअघि सम्पन्न भएको पाँच शय्याको आधारभूत अस्पताल भवन जनशक्ति तथा आवश्यक उपकरणको व्यवस्थापन हुन नसक्दा प्रयोगविहीन बनेको बताइएको छ। सङ्घीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधारविकासकार्यक्रमअन्तर्गत लोमान्थाङ गाउँपालिकाको लागत साझेदारीमा दुई तले आधारभूत स्वास्थ्य सेवा अस्पताल भवन निर्माण गरिएको थियो । आव २०७८/०७९ मा त्यहाँ आधारभूत अस्पताल भवन निर्माण सुरु गरिएकोमा गतवर्षको फागुन महिनामा निर्माण सम्पन्न भएको थियो । दुई वर्षको सम्झौता अवधि रहेको उक्त आधारभूत अस्पताल भवन निर्माण चलिरहँदा कोभिड माहामारीका कारण एक वर्षपछि ढिलो गरी अस्पताल भवन निर्माण सम्पन्न गरिएको थियो।

सात करोड १९ लाख लागतमा निर्माण सम्पन्न भएको लोमान्थाङस्थित आधारभूत अस्पताल भवन लोमान्थाङ बजारदेखि तल करिव आधा घण्टाको दूरीमा पर्दछ । एक वर्षअघि निर्माण सम्पन्न गरिएको उक्त आधारभूत अस्पताल भवनबाट विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने गरी शल्यक्रिया कक्ष, एक्सरे कक्ष, ल्याब कक्ष, प्रसूति कक्ष, फार्मेसी कक्षलगायत चिकित्सक तथा स्वास्थ्यकर्मी बस्ने आवाससहितको भवन निर्माण गरिएको थियो । माथिल्लो मुस्ताङमा आधारभूत स्वास्थ्य सेवाका लागि सामान्य उपचार गर्न स्वास्थ्य चौकी र स्वास्थ्य इकाइहरू रहेपछि विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा नहुँदा माथिल्लो मुस्ताङका नागरिकलाई निकै सास्ती हुने गरेको छ। त्यहाँका नागरिकलाई गम्भिर बिरामी हुँदा वा भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्न १०० किलोमिटर दुरीको यात्रा गर्दै जोमसोम झर्नुपर्ने बाध्यता रहेको छ।

कतपय बिरामीलाई जोमसोमसमेत भरपर्दो स्वास्थ्य सेवा उपलब्ध नहुँदापोखरा/काठमाडौँलगायतका स्थानमा जानुपर्ने बाध्यता रहेको छ। लोमान्थाङ गाउँपालिकाका स्वास्थ्य संयोजक तेन्जिङ नर्बु गुरुङका अनुसार लोमान्थाङमा निर्मित आधारभूत अस्पताल आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण र पूर्वाधार नहुँदा सञ्चालन हुन नसकेको जानकारी दिनुभयो । सरकारले आधारभूत अस्पतालका लागि चिकित्सक तथा जनशक्तिको दरबन्दी व्यवस्था र आवश्यक उपकरणलगायतको व्यवस्थापन गरिदिएमा अस्पताल सञ्चालन गर्न सकिने बताउनुभयो।

चालु वर्ष गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रीको माथिल्लो मुस्ताङको भ्रमण हुँदा यहाँको पाँच शय्याको आधारभूत अस्पताल भवनलाई चाहिने स्वास्थ्य उपकरणलगायत सामग्री खरिदका लागि लागत स्टेमेट र विवरण पठाउन निर्देशन भएको र सोहीअनुसार गाउँपालिकाले डेढ करोड बराबरको स्वास्थ्य उपकरण खरिद गर्न विवरणसहित आवश्यक डकुमेन्ट प्रदेश सरकारलाई पठाइसकिएको स्वास्थ्य संयोजक गुरुङले उल्लेख गर्नुभयो । "हामीले यहाँबाट आधारभूत अस्पताल भवनका लागि सामग्री खरिद गर्न लागत र विवरण प्रदेश सरकारलाई पठाइसकिएको छ", स्वास्थ्य संयोजक गुरुङले भन्नुभयो, "गत भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनपछि यस विषयमा के हुँदैछ भन्ने जानकारी प्राप्त हुन सकिरहेको छैन।" गण्डकी प्रदेश सरकारले अस्पतालका लागि सामग्री खरिद गर्न लागत र विवरण आएपछि प्रदेश मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरी व्यवस्थापन गर्ने भनिएको भएपनि उक्त विषय अझै अन्योल मै रहेको स्वास्थ्य संयोजक गुरुङको भनाइ छ।

रङ्गरोगनसहित निर्माण सम्पन्न भएको पाँच शय्याको आधारभूत अस्पताल भवनमा तत्कालका लागि हेल्थ पोस्ट स्थान्तरण गरेर सामान्य प्रकारको स्वास्थ्य सेवा सञ्चालन गर्न सकिने अवस्था रहेपनि उक्त भवन लोमान्थाङ बजारदेखि टाढा समुदायलाई अपायक पर्ने भएकाले उक्त आधारभूत अस्पताल भवन प्रयोगमा आउन नसकेको उहाँको भनाइ छ।

माथिल्लो मुस्ताङका स्थानीय नागरिक तथा पर्यटकलाई भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्न यहाँ निर्माण गरिएको अस्पताल भवन सञ्चालनका लागि सङ्घीय तथा प्रादेशिक सरकारको ध्यान जान आवश्यक रहेको स्वास्थ्य संयोजक तेन्जिङ नर्बु गुरुङले उल्लेख गर्नुभयो।

ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/१२/०१)

यस संस्थाबाट तपसिल उल्लेखित ऋणीहरुले व्यावसायिक तथा व्यक्तिगत प्रयायोजनको लागि लिनुभएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज र अन्य दैदस्तुर नवुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लघन गर्नु भएकाले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटकपटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाबाट लिएको ऋण चुक्ताभुक्तान गर्न नआउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखि तपाइले लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै-दस्तुर समेत चुक्ता गर्नुहोला। अन्यथा यस संस्थाको विनियम तथा सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री प्रक्रियाबाट सम्पूर्ण रकम असुल उपर गर्न लिलाम प्रक्रिया अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ।

तपशिल:

क्र.स.	ऋणीको विवरण	धितो विवरण	धनजमानी दिने व्यक्तिको नाम	कैफियत
१	ऋणि : जय कुमारी गुरुङ पिताको नाम : डिलनाथ गुरुङ बाजे : मन्जन गुरुङ ठेगाना : फलेनी वडा नं-१, लमजुङ, (हालपोखरा म.न.पा-१७,घारिपाटन कास्की) ना.प्र.प. नं.: ५१८३५ जारी मिति : २०६१।०८।१५ (जि.प्र.का.लमजुङ)	धितोको विवरण : ल्वाङघलेल -१, कास्की कित्ता नं. ६८०/६९८ क्षेत्रफलः- १-०-१-० /१-५-१-२ (११९६.३१ ब.मि.), धिताल-१, कास्की कित्ता नं. २३० र ६९२ क्षेत्रफलः- २-१०-२-३ र २-२-०-२ (२४४२.२९ ब.मि.)	जमानी : मन बहादुर लाम्गादे बुबा : भिमसेन लाम्गादे बाजे : आस कुमार लाम्गादे ठेगाना : धिताल वडा नं-०६, कास्की (हाल पोखरा म.न.पा.-१७, घारीपाटन कास्की ना.प्र.प. न. ११७३१२ जारी मिति : २०५८।०४।२८ (जि.प्र.का. कास्की)	
२	ऋणि : डम्वर कुमारी गुरुङ बाबुको नाम : बेल बहादुर गुरुङ बाजे : मन बहादुर गुरुङ ठेगाना : भरतपोखरी गा.वि.स.-७,कास्की) (हाल पोखरा म.न.पा-३३, कास्की), ना.प्र.प. न. १४७२७३, जारी मिति :२०६१।०२।२४ (जि.प्र.का. कास्की)	धितोको विवरण : अर्घौं -६, कास्की कित्ता नं.: २२४०, २२४२ क्षेत्रफलः- ०-२-१-१, ०-२-३-०, (१६०.९५ ब.मि.) धितोको विवरण क्यामिन-९, तनहुँ, कित्ता नं. ५९६ क्षेत्रफलः- ५-०-१-० (२५५१.६५ ब.मि.)	जमानी : मिलन गुरुङ बाबु : खोम बहादुर गुरुङ बाजे : मन बहादुर गुरुङ ठेगाना : लेखनाथ वडा नं-१८, कास्की (हाल पोखरा म.न.पा. -३३, कास्की) ना.प्र.प. न. ४६-०१-७१-११६१४, जारी मिति : २०७१।१२।२३ (जि.प्र.का. कास्की)	
३	ऋणि : गोविन्द लामिछाने बाबुको नाम : मनिरत्न लामिछाने बाजेको नाम : प्रजापति लामिछाने ठेगाना : चापाकोट वडा नं- ७, कास्की (हाल पोखरा मा.न.पा. वडा नं २३, कास्की), ना.प्र.प. न. १७१२०० जारी मिति : २०६३।०५।०५, (जि.प्र.का. कास्की	धितोको विवरण : चापाकोट -०७, कास्की (हाल पोखरा मा.न.पा. वडा नं २३, कास्की), कित्ता नं. १४०७/१९२०, क्षेत्रफलः- १-४-०-२/ १-४-१-१ (१२८५.७२ ब.मि.)	जमानी : समिक्षा भुगाई (लामिछाने) पतिः गोविन्द लामिछाने ससुरा : मनिरत्न लामिछाने ठेगाना : ढिकुरपोखरी वडा नं-१, कास्की पोखरा मा.न.पा. वडा नं २३, कास्की), ना.प्र.प.नं. : ४६१०४५/४१६ जारी मिति : २०६६।०३।०८ (जि.प्र.का. कास्की)	
४	ऋणि : शिवहरि तिमिल्सिना बाबुको नाम : चेत भक्त तिमिल्सिना बाजेको नाम : वृहस्पति तिमिल्सिना ठेगाना : सविक लेखनाथ वडा नं-११, कास्की, (हाल पोखरा म.न.पा -३१, वेगनास, कास्की) ना.प्र.प.नं. : ७०२७२ जारी मिति : २०५५।०१।०९ (जि.प्र.का.कास्की)	धितोको विवरण : बेगनास-१, कास्की कित्ता नं. ३७९/४५४ क्षेत्रफलः- ३-१-०-१ /१-८-०-१ (२३२५.०५ ब.मि.)	जमानी : गिता तिमिल्सीना पति : राम प्रसाद तिमिल्सीना बाजे : चेतभक्त तिमिल्सीना ठेगाना : लेखनाथ न.पा. वडा नं-११, (हाल पोखरा म.न.पा.-३१, बेगनास, कास्की, ना.प्र.प. न. १७२८९५ जारी मिति : २०६३।०६।३१ (जि.प्र.का. कास्की)	
५	ऋणि :ओम कुमारी गुरुङ पतिको नाम : भिम गुरुङ ससुरा : नरकाजी गुरुङ ठेगाना : अर्मला वडा नं-६, कास्की, (हाल पोखरा म.न.पा वडा नं १६, कास्की) ना.प्र.प. न. १२०१२१ जारी मिति : २०५८।०८।०४ (जि.प्र.का. कास्की)	धितोको विवरण : अर्मला -२, कास्की कित्ता नं. : ७३३ क्षेत्रफलः- १-९-०-० (७९४.८५ ब.मि.) धितोको विवरण : अर्मला -१, कास्की कित्ता नं. ७८१, क्षेत्रफलः- २-३-३-२ (११४०.६८ ब.मि.)	जमानी : भिम गुरुङ बुबा : नरकाजी गुरुङ बाजे : राम बहादुर गुरुङ ठेगाना : अर्मला वडा नं-६, कास्की (हाल पोखरा म.न.पा.-१६, अर्मला कास्की, ना.प्र.प.नं. :५३६०६ जारी मिति : २०५४।०२।२९ (जि.प्र.का.कास्की)	
६	ऋणि : पेम्मा लामा बाबुको नाम : जित बहादुर लामा बाजे को नाम : सुन्दर लामा ठेगाना : फाखेल वडा नं- ६, मकवानपुर (हाल पोखरा म.न.पा वडा नं ०१, कास्की) ना.प्र.प.नं. :४८/६६९, जारी मिति : २०५८।०२।०३, (जि.प्र.का.मकवानपुर)	धितोको विवरण :- साविक भलाम ०१, कास्की (हाल पोखरा म.न.पा.-२०) कित्ता नं.- १३२३, क्षेत्रफलः- १-०-०-० (५०८.७४ ब.मि)	जमानी : प्रतिक्षा लामा पति : पेम्मा लामा ससुरा : जित बहादुर लामा ठेगाना : फाखेल वडा नं-६, मकवानपुर (हाल पोखरा म.न.पा.-०१, कास्की,) ना.प्र.प नं. : ३१३०२८/३४० जारी मिति : २०७०।०२।२३ (जि.प्र.का. मकवानपुर)	
७	ऋणि : दुर्ग बहादुर रोकाय बाबुको नाम : ज्ञाने रोकाय बाजे को नाम : सेते रोकाय ठेगाना : फुलखर्क वडा नं-३, धादिङ्ग (हाल पोखरा म.न.पा वडा नं ०३ पोखरा, कास्की), ना.प्र.प. न. ७३१५ जारी मिति : २०५१।११।१४ (जि.प्र.का. धादिङ्ग)	धितोको विवरण : शिशुवा -०१, कास्की (हाल पोखरा म.न.पा.-३०) कित्ता नं. २७८३, क्षेत्रफलः- ०-४-३-२ (१५४.९९ ब.मि)	जमानी : विष्णु माया रोकाय पतिको नाम : दर्ग बहादुर रोकाय ससुराको नाम : ज्ञाने रोकाय ठेगाना फुलखर्क वडा नं-३, धादिङ्ग (हाल पोखरा म.न.पा -०३, कास्की), ना.प्र.प.नं. : २६३०१८/४६८ जारी मिति : २०६३/११/०६, (जि.प्र.का. धादिङ्ग)	

सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.
SANCHAR SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
प्रगतिमार्ग-९, पोखरा, कास्की फोन नं. ०६१-५७७१६६
E-mail: sancharsaving55@gmail.com